स्थानीय सरकार
गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सानडाँडा, रोल्पा

पत्र संख्या : २०८३/०८४
सुचना नं : ९२

लुम्बिनी प्रदेश, नेपाल

उपभोक्ता समिति दर्ता सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः २०८३/०८/०३(ने.सं. ११४७ कछलाथ्व नवमी)

प्रस्तुत विषयमा नेपाल सरकारको सार्वजनिक खरिद नियमावली, २०६४ को १६ औं संशोधनले प्रचलित कानुन बमोजिम दर्ता भएको उपभोक्ता समितिबाट मात्र आयोजना/योजनाको काम गराउनु पर्ने व्यवस्था बमोजिम योजना/आयोजना संचालनका निम्ती गठन गरिएका उपभोक्ता समितिहरु **"गंगादेव गाउँपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८३"** बमोजिम उपभोक्ता समितिहरु गाउँपालिकामा दर्ता गरेर मात्र योजना/आयोजना सम्झौता गरी कार्य अगाडि बढाईने भएकोले सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना जारी गरिएको छ।

गाउँपालिकामा दर्ता हुन चाहिने आवश्यक कागजातहरु

१. उपभोक्ता समिति गठन गर्ने, उपभोक्ता समिति दर्ता गर्ने, दश लाख भन्दा माथिको योजना/आयोजना भएमा PAN नम्बर दर्ता गर्ने निर्णय सहितको अनुसूचि-४ बमोजिमको आमभेलाको निर्णय र अनुसूचि-१ बमोजिमको निवेदन ।
२. सम्बन्धित वडाको अनुसूचि-५ बमोजिमको सिफारिस ।
३. अनुसूचि-४ बमोजिमको उपभोक्ता समितिको विधान ।
४. समितिका सबैको नागरिकताको फोटोकपि ।

PAN नम्बर लिनको लागि आवश्यक कागजातहरुः

१. PAN नम्बर दर्ता गर्ने निर्णय भएको आमभेला/समितिको निर्णय ।
२. गाउँपालिकामा दर्ता भएको प्रमाण-पत्र ।
३. बायोमेट्रिक गर्न अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये एक जनालाई तोकिएको आमभेला/समितिको निर्णय।
४. समितिका सबैको नागरिकताको फोटोकपी ।

यामबहादुर बुढा मगर
प्रमुख प्रशासकीय अधिकृत